# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, भरतपुर, चितवन ।

## सहायक प्रशिक्षार्थी आवश्यकता सम्बन्धी सूचना

(प्रकाशित मिति २०८०/११/०१)

नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको वित्तीय कारोबार गर्न ईजाजतपत्रप्राप्त यस संस्थाले हाल ७३ जिल्लामा १५६ शाखा कार्यालयहरू मार्फत लघुवित्त सेवा प्रदान गर्दै आएको राष्ट्रियस्तरको यस संस्थाको शाखा कार्यालयहरूमा देहाय बमोजिमका योग्यता पुगेका ग्रामीण क्षेत्रमा काम गर्न ईच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय सितापाईला, काठमाण्डौं वा ईमेल vacancy@deproscbank.com.np मार्फत आईपुग्ने गरी आफ्नो योग्यता, अनुभव, नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयम् प्रमाणित गरी यस वित्तीय संस्थाले तोकेको ढाँचामा रीतपूर्वक दरखास्त आह्वान गरिन्छ ।

१. **विज्ञापन नं.** : ०९/२०८०/०८१

(क) पद : सहायक प्रशिक्षार्थी
(ख) आवश्यक संख्या : केही
(ग) श्रेणी : सहायक

२. **न्यूनतम शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम एसईई वा सो सरहको परीक्षा उत्तीर्ण भएको हुनु पर्नेछ । दश जोड दुई/स्नातक उत्तीर्ण गरेका उमेदवारलाई विशेष प्राथमिकता दिइनेछ ।
३. **अतिरिक्त योग्यता** : कम्प्युटर सम्बन्धी दक्ष र मोटरसाईकल चालक अनुमतिपत्र प्राप्त भएका उमेदवारलाई प्राथमिकता दिईनेछ ।
४. **प्रशिक्षणको क्षेत्रः** लक्षित वर्ग र तोकिएको स्थानमा गई समुह निर्माण, बचत/कर्जा परिचालन, लघुवित्त कारोवारको सम्पूर्ण अभिलेखीकरण र अन्य कार्यहरू गर्न प्रशिक्षण दिईनेछ ।
५. **परीक्षाको किसिम** : फिल्ड अवधारणा र अन्तरवार्ता हुनेछ ।
६. **उमेर** : दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३४ वर्ष (महिलाको हकमा थप ५ वर्ष) ननाघेको हुनु पर्नेछ ।
७. **छनौट सूची** : प्राप्त आवेदनहरू वित्तीय संस्थाले निर्धारण गरेको मापदण्डको आधारमा छानविन गरी छनौट सूची तयार गरिनेछ । छनौट सूचीमा परेका उमेदवारहरूलाई फिल्ड अवधारणा पश्चात् उपयुक्त देखिएमा अन्तरवार्तामा सहभागी गराईनेछ ।
८. अन्तरवार्ता परीक्षाबाट उत्तीर्ण भएका उमेदवारलाई मात्र सहायक प्रशिक्षार्थीको रूपमा नियुक्ति गरिनेछ ।
९. छनौट भएका उमेदवारहरूले वित्तीय संस्थाले तोकेको कार्यालयमा गई काम गर्नु पर्नेछ ।
१०. प्रशिक्षण अवधि संस्थाको नियमानुसार हुनेछ ।
११. प्रशिक्षण अवधिमा पारिश्रमिक संस्थाको नियमानुसार उपलब्ध गराईनेछ ।
१२. प्रशिक्षणमा रहेका प्रशिक्षार्थीहरूलाई स्थायी सेवामा प्रवेशको लागि खुल्ला प्रतियोगिताको परीक्षा सञ्चालन गरिनेछ ।
१३. खुल्ला प्रतियोगिताको परीक्षा अन्तरगत लिखित, मौखिक तथा तोकिए बमोजिमको प्रयोगात्मक परीक्षाको सम्पूर्ण प्रक्रियामा समावेश भई उत्तीर्ण प्रशिक्षार्थीहलाई प्रशिक्षण अवधिको कार्यसम्पादनको आधारमा मात्र संस्थाको नियमानुसार कनिष्ठ कार्यक्रम सहायक पदको परीक्षणकालमा नियुक्ति गरिनेछ ।
१४. दरखास्त फारम यस वित्तीय संस्थाको वेवसाईट https://www.deproscbank.com.np/assets/uploads/files/media/8045a-training-application-form.pdf बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
१५. संस्थाको हितलाई ध्यानमा राखी प्राप्त दरखास्तहरू कारण खोली वा नखोली अस्वीकृत गर्ने वा यस विज्ञापनलाई रद्द गर्ने अधिकार यस वित्तीय संस्थाको पदपूर्ति समितिमा सुरक्षित रहनेछ ।